# कैलाश राजपत्र

## कैलाश गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः७) मकवानपुर, चैत्र १५ गते, २०८२ साल (संख्याः१०**


# भाग - २

स्थानीय सरकार

कालिकाटार, मकवानपुर, बागमती प्रदेश, नेपाल

**सार्वजनिक सडकमा परेको नीजि जग्गाको लगतकट्टा कार्यविधि, २०८२**

कैलाश गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**प्रस्तावनाः**

जग्गाधनी प्रमाण पुर्जा एवम् कित्तानापी नक्सामा व्यक्ति वा संघ संस्थाका नाममा रहेका तर सार्वजनिक रुपमा सडक प्रयागमा रहेका जग्गाहरुको लगत कट्टा गरी कित्तानापी नक्साहरुबाट यथार्थ सूचना प्राप्त गर्न सडकको निर्माण, विस्तार र स्तरउन्नतिको क्रममा सडकमा नीजि जग्गा स्वस्फुर्त निशुल्क रुपमा लगतकट्टा कार्य व्यवस्थित गर्न बान्छनीय भएकोले नेपालको संविधान २०७२ को धारा २१४ को उपधारा (५), स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ११ एवं प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन ०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरि यस कैलाश गाउँपालिकाको मिति २०८२/१२/१५ को बैठकले यो सार्वजनिक सडकमा परेको नीजि जग्गाको लगत कट्टा कार्यविधि २०८२ स्वीकृत गरेको छ ।

१.संक्षिप्त नाम र प्रारम्भ : १) यो कार्यविधिको नाम 'सार्वजनिक सडकमा परेको नीजि जग्गाको लगतकट्टा कार्यविधि २०८२' रहेको छ ।

२) यो कार्यविधि कैलाश गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेपछि लागू हुनेछ ।

२.परिभाषा :

क) "सार्वजनिक सडक" भन्नाले नेपाल सरकारको स्वामित्वमा रहेको जग्गालाई सम्झनुपर्दछ ।

ख) "नीजि जग्गा" भन्नाले व्यक्ति, संस्था, गुठी, कम्पनिको नाममा दर्ता रहेको जग्गालाई सम्झनुपर्दछ ।

ग) "लगतकट्टा" भन्नाले व्यक्ति, संस्था, गुठी, कम्पनिको नाममा दर्ता रहेको नीजि जग्गा नेपाल सरकारको नाममा कायम गरीनेलाई बुझाउँछ ।

घ) "निवेदन" भन्नाले लगतकट्टाको लागि दिने निवेदनलाई बुझाउँछ ।

ङ) "सार्वजनिक आव्हान" भन्नाले गाउँपालिकाले सम्बन्धित वडा कार्यालय मार्फत नीजि जग्गाको लगतकट्टाको लागि गरिएको आव्हानलाई सम्झनुपर्दछ ।

च) "प्राविधिक कर्मचारी" भन्नाले जग्गा नापजाँचको निम्ति खटिएका कर्मचारी (सर्वेक्षक, अमिन) लाई सम्झनुपर्दछ ।

छ) मञ्जुरी भन्नाले आफ्नो हकभोगमा रहेको नीजि जग्गा सार्वजनिक सडकको रुपमा उपयोग भएको सार्वजनिक सडकका लागी दिने सहमत भएको बुझाउँछ ।

ज) "लगतकट्टा समिति" भन्नाले मालपोत नियमावली २०३६(५) (ग) अनुसार गठन भएको समितिलाई बुझिने छ ।

झ) "गाउँपालिका" भन्नाले कैलाश गाउँपालिकालाई सम्झनुपर्दछ ।

ञ) "वडाध्यक्ष" भन्नाले गाउँपालिकाको निर्वाचित वडाध्यक्षलाई सम्झनुपर्छ ।

३. गाउँपालिका स्तरिय लगतकट्टा समिति गठन : कैलाश गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्र रहेको सार्वजनिक सडकमा परेको जग्गाको लगतकट्टाको लागि देहाय बमोजिमको लगतकट्टा समिति गठन गर्नेछ ।

क) गाउँपालिका उपाध्यक्ष : संयोजक

ख) गाउँपालिकाले तोकेको वडाध्यक्ष मध्येवाट एक जना : सदस्य

ग) अधिकृत जिल्ला मालपोत कार्यालय प्रतिनिधि : सदस्य

घ) नापी कार्यालय प्रतिनिधि : सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत : सदस्य सचिव

४ .समितिको काम, कर्तव्य र अधिकार:

१) सार्वजनिक सडकमा परेको जग्गाको लगतकट्टाको लागि वडा कार्यालयसँग समन्वय गरि ७ दिनको समय राखी सार्वजनिक सूचना आव्हान गर्ने ।

२) सार्वजनिक सूचना गाउँपालिकाको बेभसाइड, स्थानीय रेडियो, पत्रपत्रिका, वडा कार्यालय, सम्बन्धित क्षेत्रको गाउँ, टोल, घरहरुमा टाँसिने ।

३) स्वैच्छिक रुपमा जग्गादान गर्नेहरुले एकल वा संयुक्त रुपमा तोकिए बमोजिमको ढाँचामा निवेदन दर्ता गराउनुपर्ने ।

४) समितिमा प्राप्त निवेदनमा विवाद रहे-नरहेको, बैंकमा धितो रहे-नरहेको, गुठीको जग्गा रहे-नरहेको बारेमा एकिन गर्नेछ ।

५) तोकिए बमोजिम कागजपत्र पूरा भएपछि समितिले गाउँपालिकाको सिफारिस सहित मालपोत कार्यालयमा बुझाउँनेछ ।

६) लगत कट्टा भएपछि सो को तथ्याङ्क राख्ने र सम्बन्धित सरोकारवालालाई जानकारी गराउने ।

५. निवेदन दर्ता गर्दा संलग्न गर्नुपर्ने कागजातहरु :

नीजि जग्गाको लगतकट्टा गर्दा देहाय अनुसारको कागजपत्र संलग्न गर्नुपर्नेछ ।

क) सम्बन्धित जग्गा धनी प्रमाण पुर्जा .................... १

ख) मन्जुरी पत्र (अनुसूची १ बमोजिम) .......................... १

ग) नागरिकताको फोटोकपी ................................. १

घ) कर तिरेको रसिद .......................................... १

ङ) जग्गाको नापी नक्सा ...................................... १

६. सार्वजनिक सडकको नापजाँच गर्दा गाउँपालिकाले कृषि सडक, कच्ची सडक, पक्की सडकको सम्बन्धमा गाउँपालिकाले तोकिएको मापदण्डको आधारमा गरिनेछ ।

७. कर्मचारी व्यवस्थापन वा सेवा खरिद : कैलाश गाउँपालिकाले सार्वजनिक सडकमा परेको जग्गाको नापजाँचको लागि आवश्यकता अनुसार मकवानपुर जिल्लामा रहेको नापी कार्यालयबाट आवश्यक सहयोग लिई गाउँपालिकाले आवश्यकता अनुसार आफैं प्राविधिक नयुक्ति गरी वा अनुभवी परामर्श दाता संस्था संग परामर्श सेवा खरिद गर्न सक्नेछ ।

८. सरोकारवालाहरुको सहयोग : कैलाश गाउँपालिकाले सार्वजनिक सडकको लगतकट्टा प्रकृयालाई प्रभावकारी बनाउन समन्वय र सहजिकरणको लागि अन्य विशेषज्ञ तथा सरोकारवाला संघ संस्थासँग साझेदारी गर्न सक्नेछ ।

९. राजस्व छुट सम्बन्धमा :

बागमती प्रदेशको आर्थिक ऐन २०८२ को दफा २ सँग सम्बन्धित अनुसूची १ को (घ) विविध शिर्षक अन्तर्गत क्रम नं. १८ मा कुनै व्यक्तिको स्वामित्वमा रहेको घर वा जग्गा वा घर जग्गा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको कुनै निकायलाई निःशुल्क रुपमा प्राप्त भएमा वा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको कुनै पनि निकायले खरिद गरी लिएमा सोमा रजिष्ट्रेसन शुल्क तथा सेवा शुल्क लाग्ने छैन ।

१०. गुनासो व्यवस्थापन समितिको गठन : सार्वजनिक सडकमा परेको जग्गाको लगत कट्टा सम्बन्धि गुनासो सुनुवाई गर्न निम्न तीन सदस्य रहेको गुनासो व्यवस्थापन समिति गठन गरिनेछ ।

गाउँपालिका अध्यक्ष : संयोजक

गाउँपालिकाले तोकेको प्रतिनिधि : सदस्य...........१

सम्बन्धित वडाको वडाध्यक्ष : सदस्य ...........१

११. गुनासो व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :

क) सार्वजनिक सडकमा परेको जग्गाको सम्बन्धमा आएको लिखित गुनासोको अभिलेख राख्ने ।

ख) आएका गुनासो उपर छलफल गरी विकल्प सहित मूल समितिलाई सुझाव दिने ।

१२. विविध : क) आवश्यकता अनुसार मालपोत कार्यालय र नापी कार्यालयले स्थलगत निरीक्षण गर्न सक्नेछ ।

१३. कार्यविधिमा परिमार्जन तथा संशोधन :

१) यो कार्यविधि कार्यान्वयन गर्दा कुनै समस्या देखिएमा प्रचलित कानूनको अधिनमा रही आवश्यकता अनुसार परिमार्जन र संशोधन गर्न सकिनेछ ।

२) यो कार्यविधि अन्य प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म प्रचलित कानून बमोजिम हुनेछ ।

अनूसूची १

जग्गाधनीले समिति समक्ष दिने निवेदनको ढाँचा

श्री अध्यक्ष ज्यू,

सार्वजनिक सडकमा परेको जग्गाको लगत कट्टा समिति

कैलाश गाउँपालिका, मकवानपुर

विषय : लगत कट्टा गरिदिनुहुन ।

महोदय,

मेरो नाममा तपसिल बमोजिमको विवरण रहेको जग्गा बाटोमा परेको र उक्त जग्गाको पनि तिरो तिरी रहनुपरेकोले म श्री ...................................... सम्पूर्ण मेरा घरपरिवारको सरसल्लाह बाट मञ्जुरी भई सडकमा परेको जग्गाको लगत कट्टा गरिदिनुहुन अनुरोध गर्दछु ।

| **जग्गाको विवरण** | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क.सं. | जग्गा धनीको नाम थर | साविक गा.वि.स/ वडा नं | कि.नं. | नक्सा सिट नं | वडा नं | जग्गा जोडीएको सडको नाम | कैफियत |
| | | | | | | | |

प्रमाणिकरण मितिः २०८२ चैत्र १५

आज्ञाले

राम प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत